आज मिति २०७३ साल श्रावण १६ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

४. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

५ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

७ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

८. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी द

**निर्णय :**

निर्णय नं. १: यस रत्ननगर नगरपालिकामा कार्यरत अमिन उमेर हदबाट अवकास भएको र त्यस पश्चात सर्भेक्षक पदमा नियुक्त कर्मचारी समेत अन्य सरकारी निकायमा नियुक्ती पाई राजिनामा दिएकाले पद रिक्त हुन गएको र यस कार्यालयबाट सार्वजनिक जग्गा नापी एवं नक्सांकन एवं घर नक्सापास प्रकृयामा स्थलगत अवलोकन गर्नुपर्ने अत्यावश्यक कार्य सम्पादन गर्न अति नै कठिनाई भैरहेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले गरेको व्यवस्था अनुसार प्राविधिक पदलाई करार प्रकृयाबाट पदपूर्ति गर्न सकिने प्रावधान भए वमोजिम कार्यालयको दैनिक कार्य संचालन गर्न अत्यावश्यक भएको अमिन पदमा, कालिका न. पा. वडा नं. ४ शक्तिखोर निवासी कृष्ण बहादुर मगरलाई अर्को व्यवस्था नहुन्जेलसम्म हाललाई ३(तीन) महिना (२०७३ आश्विन मसान्तसम्म) को लागि यस न. पा. को अमिन (सहायकस्तर चौथो तह) पदमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।